उच्च अदालत पाटन

प्रेस विज्ञप्ति

मिति. २०७७/०६/१२

कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण सम्मानित सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०७६/१२/०७ एवं बन्दाबन्दीको आदेश जारी भएपछि यस अदालतको विभिन्न मितिमा भएको निर्णय बमोजिम काम कारवाही र सेवा प्रवाह हुँदै आएकोमा नेपाल सरकार (मन्त्रीपरिषद्) को निर्णयले बन्दाबन्दी अन्त्य भएपछि यस अदालतको कामकारवाही र सेवाप्रवाहको सम्बन्धमा मिति २०७७/०५/२६ मा प्रकाशित विज्ञप्ति सबैमा विदितै छ।

उल्लिखित परिप्रेक्ष्यमा यस अदालतका माननीय मुख्य न्यायाधीशज्यू, न्यायाधीशज्यूहरु, रजिष्ट्रार, कर्मचारीहरु, उच्च तथा विशेष सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ताहरु एवं उच्च अदालत बार एसोसियसनका अध्यक्ष समेतका सरोकारवालाहरुसँगको छलफलबाट प्राप्त सुझाव समेतलाई मध्यनजर राखि मिति २०७७/०५/२५ देखि काठमाण्डौ उपत्यका भित्रका जिल्लामा निषेधाज्ञा खुकुलो भई जोर विजोर प्रणाली अनुसार सार्वजनिक यातायात समेत संचालन भै सकेकोले अदालतमा कार्यरत जनशक्ति, कानून व्यवसायी, सेवाग्राही समेतको भिडभाड नहुने गरी संक्रमणको जोखिम न्युनिकरण गर्न निर्धारित स्वास्थ्य सुरक्षा सम्वन्धी मापदण्डको पालना गर्दै अर्को निर्णय नभएसम्म देहाय बमोजिमको कामकारवाही तथा सेवाप्रवाह गर्ने गरी व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>देहायः</u>

- मिति २०७७/५/२६ मा प्रकाशित विज्ञप्तिमा उल्लेखित कामकारवाही तथा सेवाप्रवाहको अतिरिक्त मिति २०७७/०६/१५ गते विहिवार र तत्पश्चात प्रत्येक हप्ताको वुधबार मुलुकी देवानी कार्यविधी संहिता २०७४ को दफा १५७ अन्तर्गतका निवेदनमा प्राप्त प्रतिवेदनहरु सुनुवाई गर्ने।

२०७७/०६/१२

शम्भुप्रसाद रेग्मी

उप-रजिष्ट्रार/प्रवक्ता